चुलाचुली गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

चुलाचुली, इलाम

पत्र संख्या - ०८२।०८३
च.नं.

कोशी प्रदेश, नेपाल

## करार सेवामा पदपूर्ती सम्बन्धी दरखास्त आह्वान गरिएको सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/०८/२५ गते**

चुलाचुली गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८२/०८/२४ गतेको निर्णय अनुसार तपसिल बमोजिमको पद, तहमा सेवा करारबाट कर्मचारी पदपूर्ति गर्नुपर्ने भएको हुँदा तोकिएको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन (मिति २०८२/०९/०९) कार्यालय समय भित्र राजश्व तिरेको रसिद सहित गाउँ कार्यपालिकाको कार्यालयको प्रशासन शाखामा दरखास्त दिनहुन यो सूचना प्रकाशन गरिएको छ ।

**तपशीलः**

| विज्ञापन नं. | पद | तह/श्रेणी | माग पद संख्या | परीक्षा दस्तुर |
|---|---|---|---|---|
| ०६/०८२/०८३ | मनोसामाजिक परामर्शकर्ता | सहायक पाँचौ | १(एक) | ५,००/- |

**१. आवश्यक न्यूनतम शैक्षिक योग्यताः**

- मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेथ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ/नर्सिङ्ग/मनोविज्ञान/समाजशास्त्र/सोसिएल वर्कमा स्नातक तह/स्वास्थ्य शिक्षा बिषयमा स्नातक तह उत्तीर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको ।
- मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाणपत्र भएकालाई विशेष प्राथमिकता दिइनेछ ।
- कम्प्युटर सम्बन्धी आधारभुत ज्ञान तथा अनुभव (Word, Excel, PowerPoint, Email/Internet आदि भएको) नेपाली भाषामा प्रतिवेदन तयार गर्न सक्ने ।

२. **उमेरः** १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

३. **दरखास्त बुझाउने स्थानः** चुलाचुली गाउँपालिका प्रशासन शाखा ।

४. **परीक्षाको किसिमः** चुलाचुली गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी ब्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७८ बमोजिम (लिखित र अन्तर्वार्ता) हुनेछ।

५. **तलबः** प्रचलित कानून वमोजिम ।

६. **करार अवधीः** ६ महिना कार्यसम्पादन मूल्याङ्कनका आधारमा थप गर्न सकिने।

७. **परीक्षा मिति** : पछि प्रकाशन गरिनेछ ।

८. **कार्यशर्त (TOR):** लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यको लागि एकीकृत सेवा पहुँच परियोजनाले व्यवस्था गरेको कार्यशर्त (TOR) बमोजिम हुनेछ ।

९. **संलग्न गर्नुपर्ने कागजात** : आवेदन फाराम, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, न्युनतम शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि (विदेशी शिक्षण संस्थाबाट अध्ययन गरेको भएमा समकक्षता प्रमाण पत्रको प्रतिलिपि), पासपोर्ट साइजको फोटो ३-थान, राजश्व दस्तुर बुझाएको भौचरको सक्कल प्रति, तालिम तथा अनुभवको प्रमाण पत्रको प्रतिलिपि, (पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेद्वार स्वयमंले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्नेछ।

१०. दरखास्त फाराम तथा अन्य जानकारीका लागि चुलाचुली गाउँपालिकाको वेवसाइट https://chulachulimun.gov.np मा हेर्न वा यस गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

राजकुमार शाक्य
प्रमुख प्रशासकीय अधिकृत